# ग्लोबल आइएमई बैंक लिमिटेडको
# १५ औं वार्षिक साधारण सभाको
# काम कारवाहीको विवरण
# (माईन्यूट)

१. **बैधानिक सभा :**

कम्पनी ऐन, २०६३ र बैंकको नियमावली बमोजिम बैंकको १५ औं वार्षिक साधारण सभा संचालक समितिका अध्यक्ष श्री चन्द्र प्रसाद ढकालज्यूको अध्यक्षतामा निम्न उल्लेखित मिति, स्थान र समयमा बसी देहायका बिषयहरु उपर छलफल गरी देहाय बमोजिम निर्णय भयो ।

२. **सभाको मिति, स्थान र समय :**

**मिति : २०७८ साल मंसिर २७ गते सोमवार (तद्नुसार १३ डिसेम्बर, २०२१)**

**स्थान : नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी, काठमाण्डौ ।**

**समय : बिहानको १०.०० बजे ।**

(कोभिड १९ संक्रमणको जोखिमलाई विचार गरी स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्ड परिपालना गर्दै शेयरधनी महानुभावहरुको भौतिक उपस्थितिको साथै भर्च्युअल (Zoom) मार्फत सहभागि हुनसक्ने गरी Meeting ID/ Password समेतको व्यवस्था गरिएको थियो )

३. **सभाको सूचना :**

कम्पनी ऐन, २०६३ को दफा ६७ (२) को प्रावधान अनुसार १५ औं वार्षिक साधारण सभा हुने स्थान, मिति,समय र छलफल हुने विषयहरु सहितको विवरण खुलाई सभामा उपस्थितिको लागि शेयरधनीहरुलाई सूचना पठाउनुको साथै सोही ब्यहोराको सूचना मिति २०७८/०८/०३ गतेको नयाँपत्रिका राष्ट्रिय दैनिक र मिति २०७८/०८/०५ गतेको नागरीक राष्ट्रिय दैनिकमा समेत दुईपटक प्रकाशित गरिएको थियो । साथै, उक्त सुचनासंगै कम्पनी ऐन २०६३ को दफा ८४ (४) बमोजिम आर्थिक वर्ष २०७७/०७८ को संक्षिप्त वार्षिक आर्थिक विवरण समेत शेयरधनी महानुभावहरुको जानकारीको लागि प्रकाशित गरिएको थियो ।

४. छलफलको बिषयहरु :

(क) सामान्य प्रस्तावहरु :

१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आ.व. २०७७/०७८ को वार्षिक प्रतिवेदन पारित गर्ने ।

२) लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०७७/०७८ को वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण लगायत वित्तीय विवरण स्वीकृत गर्ने ।

३) यस बैंकको सहायक कम्पनी ग्लोबल आइएमई क्यापिटल लि.तथा ग्लोबल आइएमई लघुवित्त वित्तीय संस्था लिमिटेड समेतको आ.व २०७७/०७८ को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तिय विवरण स्वीकृत गर्ने ।

४) कम्पनी ऐन,२०६३ को दफा १११ बमोजिम आ.व. २०७८/०७९ को लेखापरीक्षण कार्यको लागि लेखापरीक्षक नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

५) संचालक समितिले प्रस्ताव गरे बमोजिम आ.व.२०७७/०७८ को मुनाफा समेतबाट चुक्ता पुंजीको ३.५ प्रतिशत नगद लाभांस स्वीकृत गर्ने ।

(ख) विशेष प्रस्तावहरु :

१) संचालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०७७/०७८ को मुनाफा समेतबाट चुक्ता पुँजीको १० प्रतिशत बोनश शेयर स्वीकृत गर्ने ।

२) आ.व. २०७७/०७८ को मुनाफा समेतबाट शेयरधनीहरुलाई बोनश शेयर प्रदान गर्ने प्रस्ताव अनुसार बैंकको जारी तथा चुक्ता पूँजी वृद्धि हुने भएकाले सोको हदसम्म जारी तथा चुक्ता पुँजी कायम हुने गरी प्रवन्धपत्रको दफा ५(ख) र ५(ग) संशोधन गर्ने ।

३) बैंकको पुँजी वृद्धिको लागि प्रबन्धपत्र, नियमावली संसोधनको क्रममा नियमनकारी निकायहरुबाट कुनै फेरबदल/संशोधन/परिमार्जन गर्न वा मिलाउन कुनै सुझाव वा निर्देशन भएमा सोहि अनुरुप आवश्यक कार्य गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

(ग) विविध ।

५. उपस्थिति :

५.१ कम्पनी ऐन, २०६३ को दफा ६८ अनुसार उपस्थित संचालकहरु

| | | |
|---|---|---|
| १. | श्री चन्द्रप्रसाद ढकाल | अध्यक्ष |
| २. | श्री क्याबिनेट श्रेष्ठ | संचालक |
| ३. | श्री सुदर्शन कृष्ण श्रेष्ठ | संचालक |
| ४. | श्री कृष्ण प्रसाद शर्मा | संचालक |

५.	श्री देबेन्द्र प्रताप शाह	संचालक

**५.२ अन्य पदाधिकारीको उपस्थिति:**

१. श्री रत्नराज बज्राचार्य — प्रमुख कार्यकारी अधिकृत
२. श्री महेश शर्मा ढकाल — वरिष्ठ नायव प्रमुख कार्यकारी अधिकृत
३. श्री सुरेन्द्र राज रेग्मी — नायव प्रमुख कार्यकारी अधिकृत
४. श्री कल्याणबिक्रम पाँडे — नायव महाप्रवन्धक

**५.३ आमन्त्रित :**

१. श्री प्रकाश लम्साल — लेखापरीक्षक

**५.४ शेयरधनीहरुको उपस्थिति:**

१. स्वयं उपस्थित हुने शेयरधनीको संख्या : ३९९
२. प्रतिनिधि पत्र मार्फत उपस्थित हुने शेयरधनीको संख्या: २६५
३. जम्मा उपस्थित संख्या ६६४

**६. गणपूरक संख्या (कम्पनी ऐन,२०६३ को दफा ७३ बमोजिम)**

| शेयर तथा शेयरधनी | जम्मा शेयर संख्या | उपस्थित (शेयरधनी) | | उपस्थित (शेयर संख्या) | | जम्मा शेयरधनी संख्या (स्वयं तथा प्रतिनिधि | जम्मा शेयर संख्या (स्वयं तथा प्रतिनिधि) |
|---|---|---|---|---|---|---|---|
| | | स्वयं | प्रतिनिधि मार्फत | स्वयं | प्रतिनिधिमार्फत | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| कूल शेयर संख्या | २१,६३,२६,२४३.३६ | ३९९ | २६५ | ३,६४,०६,२८४.१९ | ७,४६,६३,३१३.८७ | ६६४ | १११०६९५९८.०६ |
| संस्थापक शेयरधनी | १,११,०८३,८४१.५५ | २७४ | १६० | २,६८,४४,५४६.६३ | ६,४६,६४,४५६.४३ | ४३४ | ९,१५,०९,००३.०६ |
| सर्बसाधारण समूह | १,०५,२४,२४,०१.८१ | १२५ | १०५ | ९५,६१,७३७.५६ | ९९,९८,८५७.४४ | २३० | १,९५,६०,५९५.०० |
| | | | | | कूल प्रतिशत | | ५१.३४% |

## ७. सभाको बैधानिकता :

७.१ कम्पनी ऐन, २०६३ तथा बैंकको नियमावली बमोजिम सभा बोलाइएको र कम्पनी ऐनको दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपूरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा ३ जना शेयरधनीको उपस्थिति हुनु पर्ने प्राबधान रहेको र बैंकको नियमावलीको नयम ५ मा समेत सोही व्यवस्था रहेकाले बैंकको १५औं वार्षिक साधारण सभामा राखिएको शेयरधनीको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीको संख्या ६६४ भएको र कुल शेयरको ५१.३४ प्रतिशत प्रतिनिधित्व भएको हुँदा कम्पनी सचिवले साधारण सभाको गणपूरक संख्या पुगेको र प्रचलित कम्पनी कानून अनुसार सभा बैधानिक भएको जानकारी गराउनु भयो ।

७.२ बैंकको नियमावलीमा प्राबधान भए बमोजिम सभाको अध्यक्षता संचालक समितिका अध्यक्षज्यूले गर्ने ब्यबस्था कम्पनी सचिवले जानकारी गराएपछि दिनको १०.०० बजे अध्यक्ष श्री चन्द्र प्रसाद ढकालज्यूको अध्यक्षतामा बैंकको १५ औं वार्षिक साधारण सभा सुरु भयो ।

## ८. वार्षिक साधारण सभाको प्रस्तुति

अध्यक्षज्यूले सभा समक्ष लेखापरीक्षकको प्रतिवेदन सहितको २०७८, आषाढ मसान्त सम्मको रु. ३,४५,४२,३२,६०,१८३/-को पूँजी/दायित्व तथा जायजेथा भएको वासलात र रु.

५,९६,८०,७८,०४९/-को कुल संचालन मुनाफा र आयकर पश्चात खुद मुनाफा रु.४,१६,५१,५१,८४०/- रहेको आ.व.२०७७/७८ को नाफा/नोक्सान विवरण तथा सो मध्ये साधारण जगेडा कोष बापत रु.८३,३०,३०,३६८/-, सटही घटबढ कोष बापत रु.२,६३,०१,४२४/-, ऋणपत्र भुक्तानी कोष बापत रु.३०,०१,६४,४७४/-, संस्थागत सामाजिक उत्तरदायित्व कोष बापत रु.१,१५,४९,७२०/- र नियामक समायोजन बापत रु.१६,०२,१५,९०८/- विनियोजन गरी लगानी समायोजन कोष बाट फिर्ता रु.१,८४,२०,०००/, ब्याज पूँजीकरण कोष बाट फिर्ता रु. ४,३७,२०,०००/-, फेयर भेल्यु कोष बाट फिर्ता रु.१५,६५,१७६/- तथा अन्य कोषबाट फिर्ता रकम रु.३६,१६,२४५/- समेत समायोजन पश्चात नाफा/नोक्सान हिसाबमा बाँकी रहेको संचित मुनाफा र गत वर्षको संचित मुनाफा उपयोग गरी वार्षिक साधारण सभाको स्वीकृति पश्चात वितरण हुने गरी १० प्रतिशत बोनश शेयर तर्फ रु.२,१६,३२,५०,३०४/- तथा नगद लाभांश तर्फ ३.५ प्रतिशतले हुने रु.७५,७१,३७,६०६/-समेत जम्मा १३.५० प्रतिशत लाभांश वितरण गर्ने गरी संचित मुनाफावाट रु.२,९९,०२,०३,५१६/- वासलातमा सारिएको तथा अन्तिम नगद तथा बैंक मौज्दात रु. १५,५९,३९,४२,४१०/- भएको नगद प्रवाह विवरण सहितको वासलात, नाफा नोक्सान विवरण सहितको प्रतिवेदन छलफलको निमित्त सभा समक्ष प्रस्तुत गर्नु भयो ।

## ९. छलफलको लागि आव्हान र शेयरधनी महानुभावहरु :

९.१ बैंकको आ.व. २०७७/७८ को वार्षिक प्रतिबेदन, २०७८ आषाढ मसान्त सम्मको वासलात, सोही मितिमा समाप्त आ.व. २०७७/७८ को नाफानोक्सान हिसाव तथा नगद प्रवाह बिवरण उपर आ-आफ्नो मन्तब्य प्रकट गर्न, सो सम्बन्धमा कुनै जिज्ञासा तथा सुझाव भए जानकारी गराउन अध्यक्षज्यूको अनुमतिमा कम्पनी सचिवले शेयरधनीहरु समक्ष अनुरोध गर्नु भएपश्चात देहायका शेयरधनीहरुले छलफलको कममा देहाय अनुसार जिज्ञासा एवं सुझावहरु ब्यक्त गर्नु भएको थियो ।

९.२ छलफलमा स्वयम् उपस्थित भई एवम् भर्चुअल माध्यामबाट समेत मन्तब्य राख्नु हुने शेयरधनी महानुभावहरुको नाम :

१. श्री डमरुबल्लभ घिमिरे
२. श्री सत्रुघन श्रेष्ठ
३. श्री मेजर कुवेर श्रेष्ठ
४. श्री गुणराज भट्ट (भर्चुअल माध्यम)
५. श्री अशोक उप्रेति
६. श्री सन्दिप अग्रवाल
७. श्री चन्द्रनारायण श्रेष्ठ

८.	श्री शिवप्रसाद पौडेल
९.	श्री उद्धब घिमिरे
१०.	श्री तारानाथ लुईंटेल
११.	श्री कृष्ण प्रसाद अधिकारी
१२.	श्री रामगोपाल महर्जन
१३.	श्री सिर्जना तिमल्सेना
१४.	श्री अर्जुन कुमार ढुंगेल
१५.	श्री नरसिंहलाल चखूँ (लिखित सुझाव)

**१०. स्वयम् उपस्थित भई एवम् भर्चुअल माध्यमबाट समेत छलफलमा सहभागी शेयरधनी महानुभावहरुले सामूहिक रुपमा ब्यक्त गर्नु भएको सराहना :**

आ-आफ्नो मन्तब्य प्रकट गर्ने कममा शेयरधनीहरुले सर्वप्रथम बैंकका अध्यक्ष श्री चन्द्र प्रसाद ढकालज्यू नेपाल उद्योग वाणिज्य महासंघको निर्वाचित वरिष्ठ उपाध्यक्ष समेत हुनुभएकोले बैंकको ब्यवसायिक उचाईमा थप बल पुगेकोमा खुशि प्रकट गर्दै आगामी कार्यकालमा सो संस्थाको अध्यक्षको लागि शुभकामना व्यक्त गर्नुभयो । शेयरधनीहरुले प्रस्तावित लाभाँशको लागि बैंक संचालक समिति तथा व्यवस्थापनलाई धन्यबाद प्रदान गर्दै बैंकको उत्तरोत्तर प्रगतिको कामना गर्नु भयो । बैंक संचालक समितिद्वारा प्रस्तुत गरिएको वार्षिक प्रतिबेदन माथि टिप्पणी गर्दै कोभिड-१९ जस्तो महामारीको बिचमा समेत बैंकबाट भए गरिएका कार्यहरुको मुल्याङ्कन गरी राम्रा कामको सराहना तथा बैंकले कमश: सुधार गर्दै लैजानुपर्ने बिषयहरु औंल्याउनु भयो । सभामा मन्तव्य राख्नुहुने सम्पुर्ण शेयरधनीहरुले बैंकको हितको लागि आफ्नो तर्फबाट सुझाव प्रस्तुत गर्नु भयो ।

**११. छलफलमा सहभागी हुनेहरुको आ-आफ्नो बिचार प्रस्तुतिकरण :**

छलफलको कममा शेयरधनी बक्ताहरुले बुँदागत रुपमा देहाय बमोजिमको धन्यबाद तथा सराहना,सुझाव एवं मन्तब्य ब्यक्त गर्नु भएको थियो ।

**अ. श्री डमरुबल्लभ घिमिरे**

सभाका अध्यक्ष, संचालक समितिका सदस्यहरु, कर्मचारी तथा शेयरधनी साथीहरुलाई मेरो नमस्कार तथा शुभकामना छ । सभामा भौतिकरुपमा उपस्थित भएर उदार मनले मन्तव्य राख्ने अवसर प्राप्त भएकोमा प्रसन्नता ब्यक्त गर्नु भयो । पूँजी लगायत अधिकाँश परिसुचकहरुमा मुलुककै ठुलो बैंकको शेयरधनी हुनुमा गौरव महशुस भएको, कम्पनी ऐनले तोकेको समयभन्दा करिव एक महिना अगाडि नै वार्षिक साधारण सभा बोलाईएकोमा संचालक समिति, कम्पनी सचिव तथा बैंक ब्यवस्थापनलाई धन्यवादसहित सम्भवभएसम्म

आगामी साधारणसभा दशै अगाडि नै बोलाउन सुझाव दिनु भयो । अनुभवी प्रमुख कार्यकारी अधिकृत, वार्षिक प्रतिवेदन सरल र उच्चस्तरिय रहेको, प्रस्तावित १३.५ प्रतिशत लाभाँश विशुद्ध व्यवसायिक कमाई भएको र गतबर्ष मर्जरबाट प्राप्त पटके आम्दानिसंग तुलना गर्न नमिल्ने भन्दै आजको परिप्रेक्ष्यमा प्रस्तावित लाभाँश सन्तोषप्रद रहेको विचार व्यक्त गर्नुभयो ।

आ. **श्री सत्रुघन श्रेष्ठ**

अध्यक्ष, संचालक, शेयरधनीहरु तथा कर्मचारीहरुलाई धन्यवाद । १५ औं वार्षिक साधारण सभा सफलताको शुभकामना । तरलता अभावको बर्तमान परिप्रेक्ष्यमा समेत बैंकले आफ्नो CD Ratio लाई सुबिधाजनक स्थितिमा राख्नसक्नुमा प्रमुख कार्यकारी अधिकृतको अनुभवले काम गरेको विचार व्यक्त गर्नु भयो ।

१५ औं वार्षिक साधारण सभा समयमा नै बोलाईएकोमा संचालक समिति, कम्पनी सचिव, बैंक व्यवस्थापन लगायत बैंकको कर्मचारी समेतलाई धन्यवाद ज्ञापन गर्नु भयो ।

इ. **श्री मेजर कुवेर श्रेष्ठ**

सभामा बोल्न दिनुभएकोमा धन्यवाद । बैंकको १५ औं वार्षिक प्रतिवेदन उच्चस्तरिय र उदाहरणीय रहेको बताउनु भयो । बिश्वकै धनाढ्य श्री वारेन बफेटले कुनै दिन आफ्ना शेयरधनीहरुसंगको अर्न्तकृयामा आफ्ना शेयरधनीहरुलाई अनिवार्यरुपमा सभामा उपस्थित हुन र आफ्नो कम्पनीको शेयर खरिद गर्नुको कारण बताउन अनुरोध गरेको प्रसँग निकाल्दै उहाँले प्रत्येक शेयरधनीले सभामा भाग लिन आउन आकर्षित गर्नुपर्ने बताउनु भयो । बैंकको अध्यक्ष, संचालक समिति एवम् प्रमुख कार्यकारी अधिकृत समेतले शेयरधनीहरुसंगको भेट तथा छलफललाई प्राथमिकतामा राख्न सुझाब दिनु भयो ।

मन्तव्यकै क्रममा उहाँले नेपाल राष्ट्र बैंकबाट ईजाजतप्राप्त विभिन्न १८ वटा बैंक तथा वित्तीय संस्था एक भएरपनि सहज ढंगले व्यवस्थापन गर्न सकेकोमा खुशि व्यक्त गर्नु भयो । बैंकले हालै केन्द्रीय कार्यालय निर्माण गर्ने उद्देश्यले खरिद गरेको करिब ६ रोपनि जग्गाको मुल्य एवम् चर्चित बालुवाटार (ललिता निवास) को जग्गामा बैंकको लगानी रहे नरहेको जिज्ञाषा राख्नु भयो । त्यसैगरि उहाँले शेयरधनीहरुका लागि प्रस्तावित लाभाँशमा कर लाग्ने वा नलाग्ने ? डिजिटल बैंकिगमा प्रवेशसंगै कर्मचारीहरुको व्यवस्थापन कसरी गर्ने ? भन्ने जस्ता बिषयहरुमा स्पष्टता खोज्नु भयो ।

विदेश स्थित प्रतिनिधि कार्यालयहरुलाई नेपालमा पर्यटन विस्तार गर्ने प्लेटफर्मकोरुपमा उपयोग गर्न समेत सुझाव दिँदै ७० बर्ष नाघेका जेष्ठ शेयरधनीहरुलाई विशेष प्रकृतिको सुबिधा वा सहुलियतपुर्ण योजनाहरु ल्याउन अनुरोध गर्नुभयो । सरोकारवाला सबैको हितमा ध्यान पुर्‍याउन आग्रह गर्दै उहाँले बैंकमा कार्यरत काविल र दक्ष कर्मचारीहरुको खाना, नाना र छानाको समेत ग्यारेन्टी हुनुपर्ने बताउनु भयो । अन्तमा बैंकको प्रतिशेयर आम्दानि राम्रो रहेकाले आगामी वर्ष कम्तिमा २० प्रतिशत लाभाँश वितरण गर्ने गरी व्यवसाय विस्तार गर्न अनुरोध गर्नुभयो ।

ई. **श्री गुणराज भट्ट (भर्चुअल माध्यम)**

सभामा भर्चुअल माध्यामबाट बोल्न पाईएकोमा धन्यवाद । सभामा पुर्बवक्ताहरुले ब्यक्त गर्नुभएको विँचारलाई समर्थन जनाउँदै अनुभवि प्रमुख कार्यकारी अधिकृतको नेतृत्वका कारण बैंकको समग्र प्रशासन अत्यन्तै राम्रो रहेको विचार ब्यक्त गर्नु भयो । वार्षिक प्रतिवेदन सरल स्पष्ट रहेको भन्दै उहाँले शेयरधनीहरुलाई वितरण गर्न प्रस्तावित लाभाँश गतबर्षभन्दा कम किन भन्ने जिज्ञाषा ब्यक्त गर्नु भयो ।

संचालक समितिको प्रतिवेदनमा थप मर्जर वा प्राप्तिको बिषयमा कुनै उल्लेख भएको नपाईएको भन्दै मुलुकको ठुलो र पहिलो नम्बरको बैंक भन्ने ताजलाई निरन्तरता दिनका लागि अपनाईएका रणनीतिहरुका बारेमा समेत जिज्ञाषा राख्नु भयो । त्यसैगरी, उहाँले निष्कृय कर्जा एक प्रतिशतभन्दा तल राख्न समेत सुझाव दिनुभयो । र, अन्त्यमा वार्षिक साधारण सभा सफलताको कामनासहित संचालक समिति, व्यवस्थापन, कर्मचारी लगायत उपस्थित सम्पुर्णलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

उ. **श्री अशोक उप्रेति**

सभामा बोल्न दिनुभएकोमा धन्यवाद । बैंकको शेयरको प्रतिफल छिटो प्राप्त नहुने तर दिर्घकालसम्म प्राप्त भईरहने भएकाले शेयरधनीहरुलाई हतोत्साहि नहुन सुझाव दिनु भयो । कोभिड-१९ जस्तो प्रतिकुल अबस्थामा समेत शेयरधनीहरुलाई वितरण गर्न प्रस्ताव गरिएको लाभाँश सन्तोषप्रद रहेको बताउनु भयो ।

समाजको आधाभन्दा बढी हिस्सा ओगट्ने महिलाहरुको आर्थिक पुनरउत्थान विना मुलुकले आर्थिक फड्को मार्न नसक्ने बताउँदै उहाँले महिला उद्यमशिल कर्जामा जोड दिन सुझाव दिनु भयो । बैंकका सम्पुर्ण सेवाग्राहिको चेतनाकोस्तर एकसमान नभएको र प्रविधिको सुबिधा समेत सम्पुर्ण स्थानमा समान नभएको वर्तमान परिप्रेक्ष्यमा बैंकको सम्पुर्ण सेवालाई एकैपटक डिजिटलमा आधारित बनाउँदा विभिन्न समस्याहरु आईपर्नसक्ने भएकाले बिस्तारै कार्यान्वयन गर्दै लैजानुपर्ने सुझाव दिनु भयो ।

ऊ. **श्री सन्दिप अग्रवाल (संस्थापक शेयरधनी)**

सभामा बोल्न दिनुभएकोमा धन्यवाद । सर्वप्रथम बैंकका अध्यक्षज्यू संचालक समिति, ब्यवस्थापन कम्पनी सचिव लगायत सम्पुर्ण शेयरधनीहरुलाई १५ औं वार्षिक साधारणसभा सफलताको शुभकामना । कोभिड-१९ को त्रास पुर्णरुपमा नहटिसकेको वर्तमान असहज परिप्रेक्ष्यमा बैंकले शेयरधनीहरु लाई प्रस्ताव गरेको लाभाँश राम्रो रहेको धारणा राख्नु भयो ।

मुलुककै सबैभन्दा ठुलो पूँजीगत आधार भएको बैंक हुनुको नाताले यो बैंकले सिंगो बैंकिग क्षेत्रलाई प्रभाव पार्ने नीतिगत निर्णयहरुमा समन्वय गर्नुपर्ने आवश्यकता रहेको भन्दै उहाँले पछिल्लो समयमा नेपाल राष्ट्र बैंक नियमनकारी कम नियन्त्रणमुखी ज्यादा भएर देखापरेको बताउनु भयो । ब्यवसायिक आवश्यकता एवम् शेयरधनीहरुको चाहनाको आधारमा आर्जित मुनाफाबाट बोनश शेयर वा नगद लाभाँश के दिने भन्ने निर्णय गर्ने अधिकार संचालक समिति र साधारण सभामा हुनुपर्ने भन्दै यस्तो सामान्य बिषयमा समेत जुनसुकै बहनामा

सीमा तोक्ने वा रोक लगाउने कार्य संचालक समिति/साधारण सभाको अधिकारमाथिको हस्तक्षेप भएको तर्क राख्नु भयो ।

शेयर धितो कर्जामा सीमा तोक्ने कार्य औचित्यपूर्ण नभएको भन्दै उहाँले यस्तो कार्यले खुल्ला बजार अर्थतन्त्रलाई सपोर्ट नगर्ने तर्क गर्नु भयो । त्यसैगरि, मन्तव्यकै क्रममा उहाँले संस्थापक शेयर कारोवार प्रकृया लामो र झन्झटिलो रहेको बताउँदै पछाडिको ढोकाबाट किनबेच गर्नुपर्दा टाठाबाठाको शेयर अतिमुल्याङ्कित र सोझासाझाको शेयर अवमुल्याङ्कन भईरहेको तथ्य राख्नु भयो । संस्थापक शेयरको किनबेच प्रकृयापनि सर्वसाधारण शेयरको किनबेच जस्तै खुल्ला बजार मार्फत हुनुपर्ने ब्यवस्था गर्न सम्बन्धित सबैको ध्यानाकर्षण गराउदै उहाँले सोबाट सरकारको राजश्व समेत वृद्धि हुने दलिल पेश गर्नु भयो ।

संस्थापक र सर्वसाधारण शेयरको बर्गिकरण बैंकिग शेयरमा मात्र रहेको उदाहरण पेश गर्दै उहाँले हाईड्रो लगायतको अन्य क्षेत्रमा लकिङ्ग पिरियडको अबधारणा रहेको बताउनु भयो । साथै, बैंकिग क्षेत्रका शेयरधनीहरुलाई अन्य क्षेत्रको शेयरधनीहरुभन्दा फरक ब्यबहार हुनु विभेदकारी नीति रहेको तर्क राख्दै जोखिम उठाएर शुरुमा नै बैंकमा लगानी गर्ने संस्थापकहरु नै थप पिडित हुनुपर्ने अबस्था रहेको दुखेसो पोख्नु भयो । र, अन्त्यमा संचालक समिति, व्यवस्थापन, कर्मचारी लगायत उपस्थित सम्पुर्णलाई धन्यवादसहित आफुले बोलेका नीतिगत बिषयहरुलाई अभिलेख गरी कम्पनी सचिवमार्फत नेपाल राष्ट्र बैंकसमक्ष पुर्‍याई दिन आग्रह गर्नुभयो ।

ए. **श्री चन्द्रनारायण श्रेष्ठ**

सभामा बोल्न दिनुभएकोमा धन्यवाद । सर्वप्रथम बैंकका अध्यक्षज्यू संचालक समिति, ब्यवस्थापन कम्पनी सचिव लगायत सम्पुर्ण शेयरधनीहरुलाई १५ औं वार्षिक साधारणसभा सफलताको शुभकामना । बैंकले अघिल्लो वर्ष १६ प्रतिशत लाभाँश प्रदान गरेकोमा यस वर्षपनि सोहि हाराहारीमा आउने आफुले अनुमान गरेको भएतापनि सोचेभन्दा कम हुनुमा पक्कैपनि कोभिड-१९ को असर होला भन्दै प्रस्तावित १३.५ प्रतिशत लाभाँशलाई नराम्रो भन्न नमिल्ने बताउनु भयो । मन्तव्यको क्रममा उहाँले बैंकको संचालन खर्च बढेको तथ्य राख्नु भयो । साथै, परिस्थिति अनुकुल भएमा चालु बर्षमा बैंकले राम्रो आम्दानि गर्ने संकेत देखिएको समेत सभालाई बताउनु भयो । र, अन्त्यमा संचालक समिति, व्यवस्थापन, कर्मचारी लगायत उपस्थित सम्पुर्णलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

ऐ. **श्री शिवप्रसाद पौडेल**

सभामा बोल्न दिनुभएकोमा धन्यवाद । सर्वप्रथम बैंकका अध्यक्षज्यू नेपाल उद्योग वाणिज्य महासंघको वरिष्ठ उपाध्यक्ष रहनु भएकोमा छिट्टै अध्यक्षको भुमिकामा देख्न पाईयोस् भन्ने शुभकामना । असामान्य परिस्थितिका बाबजुत शेयरधनीहरुलाई प्रस्तावित लाभाँश उचित रहेको, लाभाँश वितरण गर्दा नगद लाभाँशको रेशियो बढाउनु पर्ने, खण्डिकृत शेयरलाई पुर्णाङ्कित गर्न उचित निर्णय गर्नुपर्ने, बैंकको सेवा पुर्णरुपमा डिजिटल माध्यामबाट हुने

अबस्थामा सरकारी राजश्व उठाउने लगायतको व्यवसायिक काममा कुनै असर पर्न नहुने सुझाव दिनु भयो ।

संचालक समितिमा महिला प्रतिनिधित्वको सम्बन्धमा समेत उहाँले ध्यानाकर्षण गराउनु भयो । Bank Of the Year को उपाधिले व्यवसायिक ख्याति अझै माथि जाने भएकोले सोको लागि आवश्यक पहल गर्न सुझाव दिनु भयो । र, अन्त्यमा १५ औं वार्षिक साधारण सभाको सफलताको कामनासहित संचालक समिति, व्यवस्थापन, कर्मचारी लगायत उपस्थित सम्पुर्णलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

**ओ. श्री उद्धव प्रसाद घिमिरे**

सभामा बोल्न दिनुभएकोमा धन्यवाद । संचालक समितिमा प्रतिनिधित्व गर्नुहुने सम्पुर्ण आ-आफनो क्षेत्रका अनुभवि र स्थापित ब्यक्तित्व हुनु भएको, प्रमुख कार्यकारी अधिकृत अनुभवि चार्टड एकाउण्टेन्टको अतिरिक्त स्थापित बैंकर समेत भएको बताउनु भयो ।

अध्यक्षज्यूको अगिलदैं गएको कदले बैंकको व्यवसायिक ख्यातिमा मद्दत पुगेको, बैंकको वाह्य तथा आन्तरिक लेखापरीक्षक काविल रहेको, कर्मचारीहरु दक्ष र इमान्दार रहेकाले निजहरुको तलब तथा सुबिधा समेत सोहि बमोजिम हुनुपर्ने बताउनु भयो ।

बैंकको अधिकाँश वित्तीय सुचकाङ्क(हरु) मजवुत रहेको भन्दै उहाँले मुलुकको ७६ जिल्लामा शाखा सञ्जाल पुगिसक्दा डोल्पामा मात्र शाखा नखोल्नुको कारण माग गर्नु भयो । त्यसैगरि उहाँले थप मर्जर वा प्राप्तिको बिषयमा चासो राख्दै विदेश स्थित प्रतिनिधि कार्यालयहरु खोल्दा छिमेकी मित्रराष्ट्र चिनलाई समेत प्राथमिकतामा राख्न आग्रह गर्नु भयो । र, अन्त्यमा संचालक समिति, व्यवस्थापन, कर्मचारी लगायत उपस्थित सम्पुर्णलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

**औं. श्री तारानाथ लुईटेल**

सभामा बोल्न दिनुभएकोमा धन्यवाद । बैंकका अध्यक्षज्यू नेपाल उद्योग वाणिज्य महासंघको निर्वाचित वरिष्ठ उपाध्यक्ष समेत हुनुभएकाले आगामी कार्यकालका लागि सो संस्थाको अध्यक्षको लागि अग्रिम शुभकामना । आ.व. २०७७/०७८ को लागि शेयरधनीहरुलाई प्रस्तावित लाभाँश राम्रो भएको बताउनु भयो । उहाँले आफु बैंकको शेयरधनीको अतिरिक्त सामाजिक तथा राजनीतिकर्मी समेत भएको बताउँदै संचालक समितिमा महिला प्रतिनिधित्व नभएको बिषयमा जिज्ञाषा ब्यक्त गर्नु भयो ।

त्यसैगरि उहाँले कर्णाली प्रदेश अर्न्तगतको डोल्पा जिल्लामा छिट्टै नै बैंकको शाखा खोलि शेयरधनीले गर्भसाथ मुलकको ७७ वटै जिल्लामा शाखा रहेको बताउने अबसर प्रदान गर्न सुझाव दिनु भयो । अन्त्यमा उहाँले बैंकको सदैव भलो होस् भन्दै **जय ग्लोबल आइएमई बैंक** सहित आफ्नो भनाई टुङग्याउनु भयो ।

**अं. श्री कृष्णप्रसाद अधिकारी (कांप्यप)**

सभामा बोल्न दिनुभएकोमा धन्यवाद । बैंकका अध्यक्षज्यू हाम्रो बैंकको अध्यक्षको अतिरिक्त नेपाल उद्योग वाणिज्य महासंघको वरिष्ठ उपाध्यक्ष समेत हुनुभएकोमा बधाई तथा सफल

कार्यकालको शुभकामना । आ.व.२०७७/०७८ को वार्षिक प्रतिवेदन सरल र उच्चस्तरिय रहेको भन्दै लेखापरीक्षकको प्रतिवेदन समेत नेपालिमा हुनुपर्ने सुझाव दिनु भयो ।

समाजको आँधा हिस्सा ओगट्ने महिलाको उत्थान विना समाज अगाडि बढ्न नसक्ने भन्दै उहाँले संचालक समिति र समग्र कर्मचारीमा समेत कम्तिमा ३३ प्रतिशत महिला हुनुपर्ने सुझाव दिनु भयो । अन्त्यमा उहाँले ग्लोबल आइएमई बैंकको उत्तरोत्तर प्रगतिको कामनासहित आफ्नो भनाई अन्त गर्नु भयो ।

**अ: श्री रामगोपाल महर्जन**

सभामा बोल्न दिनुभएकोमा धन्यवाद । आर्थिक बर्ष २०७७/०७८ को मुनाफासमेतबाट शेयरधनीहरुलाई प्रस्तावित लाभाँशको लागि संचालक समिति एवम् बैंक ब्यवस्थापनलाई धन्यवाद । उहाँले केन्द्रिय कार्यालय भवन निर्माणको लागि बैंकले खरिद गरेको जग्गामा छिटोभन्दा छिटो भवन निर्माण गर्न सुझाव दिनु भयो ।

बैंकले कार्यान्वयनमा ल्याएको **मेरी उनिलाई** निक्षेप प्रोडक्ट अत्यन्तै लोकप्रिय भएको बताउनु भयो । त्यसैगरी उहाँले अन्य विभिन्न संगठित संस्थाहरुको शेयरमा बैंकको लगानी समयमा नै बिक्री गरी मुनाफा अभिवृद्धि गर्नुपर्ने, थप शाखा कार्यालय खोल्नुभन्दा भईरहेका शाखाहरुको अनुगमन/निरिक्षणमा जोड दिनुपर्ने तर्क राख्नु भयो । बैंकको ब्यवसायिक उन्नति अत्यन्तै राम्रो रहेको भन्दै उहाँले सोको लागि संचालक समिति, व्यवस्थापन, कर्मचारी लगायत उपस्थित सम्पुर्णलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

**अ १. श्री सिर्जना तिमिल्सेना**

सभामा बोल्न दिनुभएकोमा धन्यवाद । चालु आर्थिक बर्षको पहिलो त्रैमासको खुदब्याज आम्दानि सन्तोषजनक नरहेको एवम् संचालक खर्च नियन्त्रण हुन नसकेको कुरा ब्यक्त गर्नु भयो । बैंकको हालै कार्यान्वयनमा ल्याएको भनिएको लक्ष्य २०२५ ले निर्धारण गरेका ब्यवसायिक लक्ष्यका सम्बन्धमा चासो राख्दै उहाँले सो लक्ष्य प्राप्तिको लागि अपनाईएको योजना तथा रणनीतिको बारेमा जिज्ञाषा राख्नु भयो ।

प्राथमिकताप्राप्त क्षेत्रमा गरिएका लगानी साँच्चै लक्षित वर्गसम्म पुग्नसकेको छ ? भन्ने प्रश्न गर्दै उहाँले मुल्याङ्कन जरुरी भएको बताउनु भयो ।

**अ २. श्री अर्जुन कुमार ढुंगेल**

सभामा बोल्न दिनुभएकोमा धन्यवाद । बैंकका अध्यक्षज्यू नेपाल उद्योग वाणिज्य महासंघको वरिष्ठ उपाध्यक्षको हैसियतमा सफल हुनुहोस् । साथै, आगामी कार्यकालको लागि अध्यक्षको शुभकामना । केन्द्रीय कार्यालय भवन निर्माण गर्ने उद्देश्यले हालै बैंकले खरिद गरेको जग्गामा भवन निर्माण गर्नुपुर्व पर्याप्त छलफल एवम् गृहकार्य गर्न सुझाव दिँदै उहाँले पर्याप्त पार्किङ्गमा विचार पुर्‍याउन अनुरोध गर्नु भयो । मन्तब्य राख्ने क्रममा उहाँले हाईड्रो क्षेत्रमा बैंकको लगानी पर्याप्त देखिएकोले सो क्षेत्रको कर्जा उठाउने रणनीति के छ भनी जिज्ञाषा राख्नु भयो ।

संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत भएको खर्चहरु विवादरहित हुनुपर्ने विचार व्यक्त गर्दै उहाँले सो खर्च प्रमाणित गर्ने संयन्त्र बिकास गर्न समेत सुझाव दिनु भयो। र, अन्त्यमा उहाँले संचालक समिति, व्यवस्थापन, कर्मचारी लगायत उपस्थित सम्पुर्णलाई धन्यवाद ज्ञापनसहित विदा हुनु भयो।

अ ३ **श्री नरसिंहलाल चंखू (लिखित सुझाव)**

शेयरधनी नरसिंहलाल चंखूले कम्पनी सचिवमार्फत दिनुभएको लिखित सुझावको मुख्य साराँश देहाय बमोजिम रहेको छ।

१५ औं वार्षिक साधारण सभाको सफलताको शुभकामना। वार्षिक प्रतिवेदन उच्चस्तरको रहेको, कोभिड-१९ को त्रासकाबीच प्राप्त प्रतिफल राम्रो रहेको, गैर ब्याज आम्दानि बढेको, सिडि रेशियो सुबिधाजनक अबस्थामा रहेको भएतापनि बजारलाई हेरेर बेलैमा आवश्यक रणनीति अपनाउन र सम्पुर्ण शाखाहरुलाई ब्यवस्थापकिय शुसाशन तथा वित्तीय अनुशासनमा राखि मुनाफा आर्जनमा केन्द्रित गर्नुपर्ने सुझाव, कर्जा असुली प्रभावकारी बनाउन र थप मर्जर तथा प्राप्ति सम्बन्धमा बजारमा चलेको हल्लाको वास्तविकताको बारेमा जिज्ञाषा राख्दै कर्मचारीहरुको मनोबल सदैब उच्च राख्नु पर्ने लगायतको सुझावहरु रहेका छन्। लिखित सुझावको अत्यमा बैंकको उत्तरोत्तर प्रगतिको कामना।

१२. **सभामा शेयरधनीहरुले प्रकट गर्नु भएको जिज्ञासा एवं प्रश्नहरुको जवाफ :**

१५ औं वार्षिक साधारण सभाको अध्यक्षता गर्नुहुने बैंक सञ्चालक समितिको अध्यक्ष श्री चन्द्र प्रसाद ढकालज्यूले स्वयम् उपस्थित तथा भर्चुअल माध्यामबाट जोडिएका शेयरधनीबाट अत्यन्तै राम्रो र गहकिलो सुझाब प्राप्त भएकोमा धन्यवाद व्यक्त गर्दै बैंकको श्रोत र साधनले भ्याएसम्म शेयरधनीहरुले दिएका सुझावहरु कार्यान्वियन गर्दै लैजाने प्रतिवद्धता ब्यक्त गर्नु भयो र सोका लागि ब्यवस्थापनलाई निर्देशन समेत दिनु भयो।

चालु आ.व. को वार्षिक साधारण सभा २०७९ को बडादशै अगाडि नै सम्पन्न गर्न शेयरधनी श्री डमरुबल्लभ घिमिरेबाट प्राप्त सुझाव अत्यन्तै मननयोग्य रहेको तर बैंकको ब्यवसायिक आकार एवम् शाखा सञ्जालको कारण समयमा लेखापरीक्षण कार्य हुन नसकिरहेको बताउनु भयो। त्यसैगरी, अध्यक्षज्यूले बैंकको भगिनि संस्था(हरु) ग्लोबल आइएमई लघुवित्त, ग्लोबल आइएमई क्यापिटल लगायतको आम्दानि समेत बैंकमा जोडिने भएको हुँदा ती संस्थाहरुले समेत समयमा नै लेखापरीक्षण सिध्याई आफ्नो वित्तीय स्थिति स्पष्ट गर्नुपर्ने बाध्यात्मक अबस्था रहेको भन्दै यिनै कारणले गर्दा यसअघि चाहेरैपनि दशै अगाडि साधारणसभा गर्न नसकिरहेको जानकारी गराउनु भयो। तमाम परिस्थितिका बाबजुतपनि चालु वर्षको साधारण सभा सम्भवभएसम्म दशै अगाडि सम्पन्न गर्ने गरी तयारी थाल्न प्रमुख कार्यकारी अधिकृतमार्फत ब्यवस्थापनलाई निर्देशन दिनु भयो।

बैंकको आजको व्यवसायिक आकार, सञ्जाल, कर्मचारी लगायत जे जस्तो अबस्था रहेको छ यि सम्पुर्ण विगत केहि वर्षको अन्तरालको उपलब्धि रहेको बताउनु भयो ।

शेयरधनीहरुको उपस्थिति तुलनात्मकरुपमा कम भएको भन्ने शेयरधनी श्री मेजर कुवेर श्रेष्ठको भनाईमा सहमति राख्दै अध्यक्षज्यूले अन्य बैंक तथा वित्तीय संस्थाहरुले भर्च्यूअल माध्यामबाट सभा बोलाईरहेको बेलामा समेत आफुले सकेसम्म धेरै भन्दा धेरै शेयरधनीहरुसंग छलफल तथा भेट गरौ भन्ने अभिप्रायले भौतिक उपस्थिति सहितको यो सभा बोलाईएको भन्दै कोभिडको त्रास पुर्णरुपमा नहटिसकेकोले तुलनात्मकरुपमा शेयरधनीहरुको उपस्थिति कम हुनगएको हुनसक्ने बताउनु भयो । अध्यक्षज्यूले समय र परिस्थिति अनुकुलभए चालु वर्षको साधारणसभा वृहत शेयरधनीहरुको उपस्थितिमा सम्पन्न गर्ने आफ्नो चाहना रहेको बताउँदै सोका लागि सकेसम्म धेरै शेयरधनी उपस्थिति हुने वातावरण निर्माण गर्न सम्बद्ध सबैको ध्यानाकर्षण गराउनु भयो ।

अध्यक्षज्यू तथा प्रमुख कार्यकारी अधिकृतसमेतले शेयरधनीसंगको भेटलाई प्राथमिकता दिनुपर्ने भन्ने सुझावलाई सकारात्मकरुपमा ग्रहण गर्दै अध्यक्षज्यूले संचालक समिति शेयरधनिहरुकै प्रतिनिधिमुलक संस्था भएको हुँदा अध्यक्षको नाताले आफुले भ्याएसम्म शेयरधनीसंगको भेट तथा छलफललाई प्राथमिकतामा राख्ने गरेको बताउनु भयो । र, नियमित व्यवसायिक कार्यमा बाधा नपार्ने गरी शेयरधनीसंगको भेटलाई प्राथमिकतामा राख्न प्रमुख कार्यकारी अधिकृतलाई समेत निर्देशन दिनु भयो ।

डिजिटलाईजेशनमा प्रवेशगरेसंगै कर्मचारीको व्यवस्थापन कसरी गर्ने भन्ने बारेमा शेयरधनीबाट प्राप्त जिज्ञाषा मेटाउने क्रममा अध्यक्षज्यूले लक्ष्य २०२५ को अन्तिमतिर पुग्दासम्म हाल बैंकमा रहेका कर्मचारीलाई डिजिटल प्रविधिमा दक्ष बनाई अधिकाँश व्यवसायिक सुचकाङ्कहरु करिव दोब्बर वृद्धि गर्ने योजना रहेको बताउनु भयो । उहाँले हालको कर्मचारी निरन्तर रहनुका साथै थप कर्मचारी भर्ना गर्नुपर्ने अबस्था नै नआउने बिश्वास व्यक्त गर्नु भयो ।

बैंकले हालै नाराणहिटी संग्राहलय उत्तर ढोका नजिक खरिद गरेको करिव ६ रोपनि जग्गा काठमाडौंको मुटुमा रहेको र सो स्थानमा आधुनिक भव्य एवम् सव्य केन्द्रीय/कर्पोरेट भवन निर्माण गर्ने योजना अनुरुप भवनको डिजाइन छनौट गर्ने कार्य भै रहेको बताउँदै जसबाट बैंकको सामाजिक एवम् व्यवसायिक ख्याति अझै अभिवृद्धि हुने बताउनु भयो ।

विवादित जग्गामा बैंकको कुनैपनि किसिमको ऋण लगानी नरहेको जानकारी अध्यक्षज्यूले सभालाई गराउनु भयो ।

संस्थापक शेयर र सर्वसाधारण शेयरमा विभेद भएको भन्ने शेयरधनी श्री सन्दिप अग्रवालको भनाई मनासिब रहेको भन्दै यो सम्पुर्ण संस्थापक शेयरधनीहरुको साझा चासोको बिषय भएको बताउनु भयो । बैंक स्थापना र संचालनमा शुरुदेखि नै संस्थापकको कडा मेहनत पर्ने साथै जोखिम पनि उत्तिकै मोल्नुपर्ने अबस्थाबाट गुज्रिएर आउनुपर्ने संस्थापक(हरु) लाई नै

विभेद हुनु उपयुक्त नरहेको बताउनु भयो । त्यसैगरि, उहाँले संस्थापक शेयर कारोवार प्रकृयापनि लामो र अत्यन्तै झन्झटिलो रहेको बिषयमा सहमति ब्यक्त गर्नु भयो ।

संचालक समितिमा महिला प्रतिनिधित्वका बिषयमा शेयरधनिहरुबाट राखिएको जिज्ञाषा मेटाउने क्रममा अध्यक्षज्यूले गत २०७७ पौष २८ गतेको १४ औं वार्षिक साधारणसभामा सर्वसाधारण समुहबाट निर्वाचित एकजना संचालकज्यूको स्थान रिक्त रहेको तर मर्जर वा प्राप्तिको बिषयपनि अनौपचारिकरुपमा चलिरहेको हुँदा सो स्थान पुर्ति नगरिएको जानकारी गराउनु भयो । रिक्त स्थानमा नियुक्ति गर्दा महिला शेयरधनी नियुक्ति गर्ने प्रतिबद्धता व्यक्त गर्नु भयो ।

संस्थागत सामाजिक उत्तरदायित्व अर्न्तगत तोकिएको क्षेत्रमा मात्र खर्च भएको, शाखा नभएको एकमात्र जिल्ला डोल्पामा छिट्टै नै शाखा खोल्ने तयारी भईरहेको, बैंकको निष्क्रिय कर्जाको अनुपात कम गर्न व्यवस्थापन लागि रहेको समेत अध्यक्षज्यूले सभालाई जानकारी गराउनु भयो । चालु वर्षमा २० प्रतिशतभन्दा माथिको प्रतिफल प्राप्त गर्नुपर्ने भन्ने शेयरधनीहरुबाट प्राप्त सुझावको प्रसँगमा अध्यक्षज्यूले संचालक समितिको अपेक्षापनि त्यहि नै रहेको बताउनु भयो । बैंकको पूँजी, शाखा संञ्जाल, मानवश्रोत साधन समेतको अधिकतम प्रयोग गरेर ग्राहकबर्गलाई गुणस्तरिय सेवा प्रदान गरी लगानीकर्ताहरुलाई आगामी वर्षमा बढी भन्दा बढी प्रतिफल दिन प्रयासरत रहने प्रतिबद्धतासहित अन्त्यमा बैंकको वित्तीय स्थिति दरिलो र भरपर्दो बनाउँदै दिर्घकालिन प्रतिफल दिने उत्कृष्ठ बैंककोरुपमा बिकास गर्ने आफ्नो चाहना भएको अध्यक्षज्यूले सभालाई बताउनु भयो ।

१३. **सभाको निर्णय :**

(क) **सामान्य प्रस्तावहरु :**

(१) **संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुभएको आ.व. २०७७/०७८ को वार्षिक प्रतिवेदन पारित गर्ने :**

संचालक समितिको तर्फवाट अध्यक्षज्यूले १५ औं वार्षिक साधारण सभामा प्रस्तुत गर्नुभएको आ.वं २०७७/०७८ को वार्षिक प्रतिवेदन छलफल पश्चात पारित गर्न अध्यक्षज्यूको अनुमतिमा कम्पनी सचिवले निर्णयार्थ सभामा प्रस्तुत गर्नु हुँदा उक्त प्रतिवेदन सर्वसम्मतिवाट पारित गरियो । संचालक समितिको वार्षिक प्रतिवेदनमा सामाजिक उत्तरदायित्व (Corpotate Social Resposibilty (CSR) पुरा गर्न बैंक सक्रिय रहेको भन्ने विषय प्रशंसायोग्य रहनुका साथै बैंकले सामाजिक उत्तरदायित्व अन्तर्गत शिक्षा, स्वस्थ्य, खेलकुद, कोभिड-१९को महामारि नियन्त्रण, दैविप्रकोप, वातावरण संरक्षण, वित्तीय साक्षरता आदि क्षेत्रमा बिभिन्न ब्यक्ति तथा संघ संस्थालाई आ.व.२०७७/७८ मा प्रदान गरेको आर्थिक सहायत/चन्दा समेत जम्मा रु.३ करोड सभाबाट अनुमोदन गरियो ।

(२) **लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०७७/०७८ को वासलात, नाफा/नोक्सान हिसाब र नगद प्रवाह विवरण लगायत वित्तीय विवरण स्वीकृत गर्ने**

लेखाँपरीक्षकको प्रतिवेदन सहितको आ.व.२०७७/०७८ को वित्तीय अवस्थाको विवरण (वासलात) नाफा/नोक्सान विवरण, अन्य विस्तृत आम्दानीको विवरण र नगद प्रवाह विवरण लगायत वित्तीय विवरण समेत पारित गरियोस् भनी अध्यक्षज्यूको अनुमतिमा कम्पनी सचिवले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा उक्त प्रस्ताव सर्वसम्मतिवाट सभाले स्वीकृत गर्‍यो ।

(३) **यस बैंकको सहायक कम्पनी ग्लोबल आइएमई क्यापिटल लि. र ग्लोबल आइएमई लघुवित्त वित्तीय संस्था लिमिटेड समेतको आ.व.२०७७/०७८ को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तीय विवरण स्वीकृत गर्ने :**

बैंकको सहायक कम्पनी ग्लोबल आइएमई क्यापिटल लि. र ग्लोबल आइएमई लघुवित्त वित्तीय संस्था लिमिटेड समेतको आ.व. २०७७/०७८ को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तीय विवरण पारित गरियोस् भनी अध्यक्षज्यूको अनुमतिमा कम्पनी सचिवले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाले सर्वसम्मतिबाट उक्त प्रस्ताव स्वीकृत गर्‍यो ।

(४) **कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व. २०७८/७९ को लेखापरीक्षण कार्यको लागि लेखापरीक्षक नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने :**

कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार बैंकको लेखापरीक्षण समितिले लेखापरीक्षक श्री पी.वाई.सी.एण्ड एशोसिएट्स र पी.जे.पी.एन. एण्ड कम्पनी (चार्टर्ड एकाउन्टेन्टस्) समेत दुवैलाई संयुक्तरुपमा आ.व. २०७८/७९ को लेखापरीक्षण गर्न लेखापरीक्षक नियुक्ति गर्न सिफारिस गरेको हुँदा लेखापरीक्षण समितिको सिफारिस बमोजिम लेखापरीक्षक श्री पी.वाई.सी.एण्ड एशोसिएट्स (चार्टर्ड एकाउन्टेन्टस्) र पी.जे.पी.एन.एण्ड कम्पनी (चार्टर्ड एकाउन्टेन्टस्) लाई आ.व. २०७८/७९ को लागि लेखापरीक्षक नियुक्ति गरी निजको पारिश्रमिक निर्धारण गरियोस् भनी अध्यक्षज्यूको अनुमतिमा कम्पनी सचिवले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाले मु.अ.कर समेत एकमुष्ठ पारिश्रमिक रु. २८,५८,९०० (अठ्ठाईस् लाख अन्ठाउन्न हजार नौसय) दिने गरी बैंकको लेखापरीक्षकमा नियुक्त गर्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत गर्‍यो ।

(५) **संचालक समितिले प्रस्ताव गरे बमोजिम आ.व.२०७७/०७८ को मुनाफा समेतबाट चुक्ता पुंजीको ३.५ प्रतिशत नगद लाभांस स्वीकृत गर्ने ।**

संचालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०७७/०७८ को मुनाफा समेतबाट चुक्ता पुंजीको ३.५ प्रतिशत नगद लाभांस पारित गरियोस् भनी अध्यक्षज्यूको

अनुमतिमा कम्पनी सचिवले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाले सर्वसम्मतिबाट उक्त प्रस्ताव स्वीकृत गऱ्यो ।

(ख) **बिशेष प्रस्ताव तर्फ :**

(१) **संचालक समितिले प्रस्ताव गरे बमोजिम आ.व.२०७७/०७८ को मुनाफा समेतबाट चुक्ता पूँजीको १० प्रतिशत बोनश शेयर स्वीकृत गर्ने ।**

संचालक समितिले प्रस्ताव गरे बमोजिम आ.व.२०७७/०७८ को मुनाफा समेतबाट चुक्ता पूँजीको १० प्रतिशत बोनश शेयर बितरण गर्ने विशेष प्रस्ताव स्वीकृत गरियोस भनि अध्यक्षज्यूको अनुमतिमा कम्पनी सचिवले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा उक्त प्रस्ताव सर्वसम्मतिले स्वीकृत गरियो । र, उक्त बोनस शेयर जारी गर्दा आउने भिन्न अङ्क *(Fraction)* लाई बिगत वर्ष भै यस वर्ष पनि खण्डिकृत शेयर पूर्णाकृत नभएसम्म सम्बन्धित शेयरधनीकै नाउंमा यथावत राख्ने निर्णय गरियो ।

साथै, बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने वा गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) सम्बन्धी विनियमावली, २०७३ बमोजिम मर्जर वा प्राप्तिमा संलग्न संस्थाहरुलाई बिभिन्न किसिमका छुटहरु प्रदान गर्ने व्यवस्था भए अनुरुप आयकर ऐन, २०५८ अनुसार मर्जर/प्राप्ति पश्चात दुई वर्ष सम्म लाभांश वितरण गर्दा लाग्ने करमा छुट हुने व्यवस्था रहेकाले यस्तो छुट मर्जर वा प्राप्ति हुँदाको अवस्थामा कायम रहेका शेयरधनीले मात्र प्राप्त गर्ने भएकाले साविक जनता बैंक नेपाल लिमिटेडसंग मर्जर गरी एकीकृत वित्तीय कारोबार भएको मिति २०७६/०८/२० गते पश्चात कायम हुन आएका शेयरधनीहरुलाई बोनश शेयर वितरण गर्दा लाग्ने कर सम्बन्धित शेयरधनीहरुबाट लिई (प्रस्तावित नगद लाभांसबाट कट्टी गरी ) बोनस शेयर वितरण गर्ने निर्णय गरियो ।

१५ औं वार्षिक साधारण सभा तथा बोनस शेयर वितरण गर्ने प्रयोजनका लागि तोकिएको मितिसम्म शेयरधनी दर्ता कितावमा कायम शेयरधनीहरुलाई उपरोक्तानुसार बोनस शेयर जारी गरी बैंकको जारी पूँजी रु.२३,७९,५७,५३,३४०.५२ (तेईस अर्व उनान्असी करोड सन्ताउन्न लाख त्रिपन्न हजार तिनसय चालिस रुपैयाँ र पैसा बाउन्न मात्र) एवं चुक्ता पूंजी रु. २३,७९,५७,५३,३४०.५२ (तेईस अर्व उनान्असी करोड सन्ताउन्न लाख त्रिपन्न हजार तिनसय चालिस रुपैयाँ र पैसा बाउन्न मात्र) कायम गर्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत गरियो साथै सोही अनुसार बैंकको प्रबन्धपत्र संसोधन गरी कम्पनी रजिष्ट्रारको कार्यालयमा अभिलेख समेत गर्ने गराउने निर्णय गरियो ।

(२) **आ.व. २०७७/०७८ को मुनाफा समेतबाट शेयरधनीहरुलाई बोनश शेयर प्रदान गर्ने प्रस्ताव पारितभएसंगै बैंकको जारी तथा चुक्ता पूँजी वृद्धि हुने भएकाले सोको हदसम्म जारी तथा चुक्ता पुँजी कायम हुने गरी प्रवन्धपत्रको दफा ५(ख) र ५(ग) संशोधन गर्ने ।**

शेयरधनीहरुलाई बोनश शेयर प्रदान गर्ने प्रस्ताव पारितभएसंगै बैंकको जारी तथा चुक्ता पुंजी वृद्धि हुने भएकाले सोको हदसम्म जारी तथा चुक्ता पुजी कायम हुने गरी प्रबन्धपत्रमा संशोधन गर्ने सम्बन्धी विशेष प्रस्ताव अन्तर्गत प्रबन्धपत्रको दफा ५(ख) बैंकको जारी पूँजी तथा ५(ग) चुक्ता पूँजी बृद्धि गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित गरियोस् भनी अध्यक्षज्यूको अनुमतिमा कम्पनी सचिवले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा देहाय बमोजिम प्रबन्धपत्र संसोधन वा परिमार्जन गर्ने गरी सभाले सर्वसम्मतिबाट उक्त बिशेष प्रस्ताव स्वीकृत गऱ्यो ।

**प्रबन्ध पत्रको दफा ५ (ख) मा देहाय बमोजिम थप तथा संसोधन गर्ने :**

बैंकले तत्काल जारी गर्ने शेयर पूँजी २३,७९,५७,५३,३४०.५२ (तेईस अर्ब उनान्असी करोड सन्ताउन्न लाख त्रिपन्न हजार तीन सय चालिस रुपैयाँ र पैसा बाउन्न मात्र) हुने छ ।

**प्रबन्ध पत्रको दफा ५ (ग) मा देहाय बमोजिम थप तथा संसोधन गर्ने :**

बैंकको तत्काल चुक्ता पूँजी २३,७९,५७,५३,३४०.५२ (तेईस अर्ब उनान्असी करोड सन्ताउन्न लाख त्रिपन्न हजार तीन सय चालिस रुपैयाँ र पैसा बाउन्न मात्र) हुने छ । जारी पूँजी चुक्ता भएको आधारमा चुक्ता पूँजी बृद्धि हुँदै जाने छ ।

(३) **बैंकको पुंजी वृद्धिको लागि प्रबन्धपत्र, नियमावली संसोधनको क्रममा नियमनकारी निकायहरुबाट कुनै फेरबदल/संशोधन/परिमार्जन गर्न वा मिलाउन कुनै सुझाव वा निर्देशन भएमा सोहि अनुरुप आवश्यक कार्य गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।**

बैंकको पुंजी वृद्धिको लागि प्रबन्धपत्र, नियमावली संसोधनको क्रममा नियमनकारी निकायहरुबाट कुनै फेरबदल/संशोधन/परिमार्जन गर्न वा मिलाउन कुनै सुझाव वा निर्देशन भएमा सोहि अनुरुप आवश्यक समायोजन कार्य गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गरियोस् भनी अध्यक्षज्यूको अनुमतिमा कम्पनी सचिवले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाले सर्वसम्मतिबाट उक्त बिषेश प्रस्ताव स्वीकृत गऱ्यो ।

**(ग) विविध ।**

१५ औं वार्षिक साधारण सभाको निर्धारित विषय सूचीमा समावेश विविध शीर्षक अन्तर्गत छलफलको लागि कुनै प्रस्ताव प्राप्त नभएको व्यहोरा कम्पनी सचिवले सभालाई जानकारी गराउनु भयो ।

**१४. धन्यबाद ज्ञापन तथा सभा बिसर्जन :**

छलफल तथा निर्णयको कम समाप्त भएपछि अध्यक्षज्यूले भर्चुअल माध्यामबाट तथा स्वयम् उँपस्थित भई शेयरधनी महानुभावहरुबाट सकिय रुपले सहभागी हुनुका साथै शेयरधनीहरुबाट आवश्यक मार्गदर्शन प्राप्त भएको बताउदै, १५ औं बार्षिक साधारण सभा सफलता पूर्वक संचालन एवं सम्पन्न गर्न आफ्नो अमूल्य समय दिई उपस्थित हुनु भएकोमा सम्पूर्ण शेयरधनीहरु, शेयर रजिष्ट्रार, लेखापरीक्षक तथा बैंक संचालन कममा सहयोग गर्ने नेपाल सरकार, नेपाल राष्ट्र बैंक लगायत सवै नियमनकारी निकाय, ब्यबस्थापन तथा कर्मचारी समेत सम्बन्धित सबैलाई धन्यबाद ज्ञापन गर्दै दिनको १२.४५ बजे सभा बिसर्जन गर्नु भयो ।

............ ............

बिष्णु प्रसाद बाँस्कोटा — चन्द्र प्रसाद ढकाल

कम्पनी सचिव — अध्यक्ष

मिति : २०७८/९/१९